**UNILEVER NEPAL LIMITED**

# २९औं वार्षिक साधारण सभाको सूचना

युनिलिभर नेपाल लिमिटेड (UNL) को २९औं (उनन्तिसौं) वार्षिक साधारण सभा यही डिसेम्बर ६, २०२२ (२०७९ मंसिर २० गते) मंगलबारका दिन नेपाली समय अनुसार दिउँसो ४:३० बजे हुने र सो सभामा निम्न विषयहरुमा छलफल हुने भएकोले सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारणसभा हुने स्थानः होटल एभरेष्ट, नयाँ बानेश्वर, काठमाण्डौं रहेको छ ।

**साधारण प्रस्तावः**

१. आर्थिक वर्ष २०७८-०७९ (२०७८ श्रावण १ देखि २०७९ आषाढ मसान्त सम्म)को नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको २०७९ आषाढ मसान्त सम्मको सञ्चालक समिति र लेखा परीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. श्रावण १, २०७९ देखि शुरुहुने आगामी आर्थिक वर्षको लागि लेखापरिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्न ।

३. सञ्चालक समितिको सिफारिस अनुसार लाभांश स्वीकृत गर्ने ।

४. युनिलिभर नेपाल लिमिटेड (UNL)को संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक र सामुदायिक परियोजनाहरूमा आर्थिक योगदानको लागि प्रस्ताव पारित गर्ने ।

५. अध्यक्षको अनुमतिमा अन्य कुनै पनि विषय(हरू) पेश गर्ने ।

**विशेष प्रस्तावः**

१. कम्पनीको नियमावलीका व्यवस्थाहरुमा आवश्यक तथा उपयुक्त ठानेका संशोधनका प्रस्तावहरु पारित गर्ने ।

**नोटहरुः**

१. १६ जुलाई २०२२ (३२ असार २०७९) मा अन्त हुने वार्षिक साधारणसभा बोलाउने सूचना, वार्षिक प्रतिवेदन र प्रोक्सी फारम तल उल्लेखित लिङ्कबाट डाउनलोड गर्न सकिनेछ भने यो सूचना नेपाल स्टक एक्सचेन्ज (NEPSE) को वेबसाइटः (www.nepalstock.com) र युनिलिभर नेपाल लिमिटेड (UNL) को वेबसाइट (www.unilevernepal.com) मा पनि उपलब्ध छ । Green Initiative (ग्रीन इनिसिएटिभ)को एक अंगको रूपमा र दिगोपनको पालनाको रूपमा, वार्षिक प्रतिवेदन र प्रोक्सी फारमको विद्युतिय प्रतिहरू शेयर रजिस्ट्रार (RTS) को अभिलेखमा उपलब्ध भई दर्ता भएको शेयरधनीहरूको इमेल ठेगानामा पठाइनेछ । बार्षिक प्रतिवेदनको भौतिक प्रति साधारण सभाको मिति भन्दा अगावै अनुरोध गर्ने सदस्यहरुलाई मात्र पठाइनेछ ।

२. सम्मानित उच्च अदालत पाटनले दिएको अन्तरिम आदेश जारी रहेकाले यस वर्ष सार्वजनिक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन हुन सकेको छैन ।

३. भौतिकरुपमा शेयर धारण गर्ने र कम्पनीसँग आफ्नो इमेल ठेगाना अद्यावधिक नगर्नुभएका सदस्यहरूलाई कम्पनीमा unl.shareholdersconnect@unilever.com मा लेखेर र ramita.maharjan@sunrisecapital.com.np मा कपि गरेर आफ्नो इमेल ठेगाना र व्यक्तिगत विवरण (सदस्यको नाम र ठेगाना, सम्पर्क नम्बर (मोबाइल नम्बर), प्यान कार्डको स्व-प्रमाणित प्रतिलिपि र आफ्नो ठेगानालाई प्रमाणित गर्ने अन्य कुनै पनि कागजातको स्व-प्रमाणित प्रतिलिपि (जस्तैः ड्राइभिङ लाइसेन्स, नागरिकताको प्रमाणपत्र, राहदानी) पेश गरी अद्यावधिक गर्न अनुरोध गरिन्छ । साथै, अभौतिकीकृत रुपमा शेयर धारण गर्ने सदस्यहरूलाई सम्बन्धित डिपोजिटरी पार्टिसिपेण्टहरूसँग २०७९ मंसिर ०४ गते आइतबार बेलुका ५:०० बजे वा सो भन्दा अघि आफ्नो इमेल ठेगानाहरू दर्ता/अद्यावधिक गर्न अनुरोध गरिन्छ । इ-मेल ठेगाना दर्ता गर्दा कुनै पनि जिज्ञासा/कठिनाइहरू भएमा, सदस्यहरूले unl.shareholdersconnect@unilever.com मा लेख्न वा कम्पनीको शेयर रजिष्ट्रारमा ramita.maharjan@sunrisecapital.com.np मा सम्पर्क गर्न सक्नुहुनेछ ।

| वार्षिक प्रतिवेदन (२०७८-७९) | | प्रोक्सी फाराम |
|---|---|---|
| English | नेपाली | नेपाली |

यदि तपाई वार्षिक रिपोर्ट खोल्न/पढ्न सक्नु भएन भने, सोको लागि उपयुक्त PDF रिडर सफ्टवेयर आवश्यक हुनेछ ।

४. कम्पनीको दर्ता किताब २०७९ मंसिर ४ गते देखि २०७९ मंसिर २० गते सम्म बन्द रहनेछ ।

५. सभा तोकिएको समयमा नै प्रारम्भ हुने भएको हुनाले इच्छुक शेयरधनीहरूलाई पहिचानको लागि आफ्नो कुनै आधिकारिक परिचयपत्र (ड्राइभिङ लाइसेन्स, नागरिकता, राहदानी वा सेयर प्रमाणपत्र) साथमा ल्याउन र दर्ता गर्नको लागि तोकिएको समय भन्दा अगाडी नै तोकिएको स्थानमा उपस्थित हुनको लागि अनुरोध गर्दछौं ।

६. मिति २०७९ मंसिर ३ गते अर्थात शैयरधनी दर्ता बन्द हुने समय शुरुहुन भन्दा अगाडी शेयर दर्ता किताबमा सदस्यहरु/वास्तविक धनीहरुको रुपमा दर्ता भएको शेयरधनीहरुले स्वयं आफै उपस्थित भई वा प्रतिनिधी (प्रोक्सी) मार्फत सूचनामा उल्लेखित प्रस्ताव उपरको छलफलमा भाग लिई मतदान गर्न पाउनेछन । तोकिएको मितिमा सदस्य नभएको व्यक्तिले यो सूचनालाई साधारण सभाको जानकारीको लागि मात्र लिनुपर्नेछ । मतदान गर्ने तरिका र अन्य निर्देशनहरू सभा स्थलमा उपलब्ध गराइनेछ ।

७. सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले साधारणसभा शुरु हुनुभन्दा १४४ घण्टा अगाडि अर्थात् २०७९ मंसिर १४ गते बुधबार दिउँसो ४:३० बजे वा सोभन्दा अगाडि कमलपोखरी, काठमाडौंमा रहेको कम्पनी शेयर रजिष्ट्रारको सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा वा ramita.maharjan@sunrisecapital.com.np मा प्रोक्सी फारम बुझाउनु पर्नेछ ।

८. एक आपसमा मिलेर खरिद गरिएको शेयरको हकमा एक प्रतिनिधिले मात्र बैठकमा भाग लिन र मतदान गर्न सक्नेछन् ।

९. ट्रस्टी, कर्पोरेशन, म्युचुअल फण्ड वा संघ-संस्था द्वारा नियुक्त प्रतिनिधिले अख्तियारीको प्रमाण पेश गरेर मात्र सभामा भाग लिन र मतदान गर्न सक्छ ।

१०. नाबालिग र निष्क्रिय शेयरधनीहरूको हकमा, शेयर दर्ताकितावमा अभिभावकको रूपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

११. शेयर रजिष्ट्रार (RTS) को कार्यालयले सभाको समय भन्दा ७२ घण्टा अगाडी अर्थात् २०७९ मंसिर १७ गते शनिबार दिउँसो ४:३० बजे वा अघि प्रोक्सी खारेज गरिएको कुराको सूचना प्राप्त नगरेमा शेयरधनीको तर्फबाट प्रोक्सीले गरेको सबै कामलाई वैध घोषित गरिनेछ । शेयरधनी आफैले भाग लिन र मतदान गर्न चाहेमा प्रोक्सी पेस गरेपछि, सूचना दिई र सेयर रजिष्ट्रार (RTS) सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा साधारणसभा बस्नुभन्दा ७२ घण्टा अगाडी अर्थात् २०२२ डिसेम्बर ०२ (२०९७ मंसिर १७ गते) शनिबार बेलुका ४:३० बजे वा अघि दर्ता गरिसक्नु पर्नेछ । अन्यथा, शेयरधनीहरूले बैठकमा उपस्थित हुन सक्नेछैनन । यदि साधारणसभा रद्ध भयो भने, दर्ता गरिएको प्रोक्सी, रद्द गरिएको प्रोक्सी यथावत रहनेछ र परिवर्तन गरिने छैन ।

१२. यदि कुनै शेयरधनीहरूले एकभन्दा बढी प्रतिनिधीहरु (प्रोक्सीहरू) छानेका रहेछन् भने, पछिको मितिमा दर्ता भएको प्रोक्सीलाई वास्तविक प्रोक्सी मानिनेछ र यसअघि दर्ता भएका अन्य सबै प्रोक्सीहरू अवैध घोषित गरिनेछ । तर त्यस्तो प्रोक्सी सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा सभा हुनु भन्दा १४४ घण्टा अगाडि अर्थात् २०७९ मंसिर १४ गते बुधवार दिनको ४:३० वा सो भन्दा अघि दर्ता भएको हुनुपर्छ ।

१३. सुरक्षाको लागि कार्यक्रम स्थलमा कुनै पनि झोला वा प्याकेट नल्याउनको लागि शेयरधनीज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं । सभाकक्षमा प्रवेश गर्नु अघि तपाइँका सबै झोला र प्याकेटहरूको जाँच हुने भएको हुनाले सुरक्षामा समन्वय गर्नको लागि अनुरोध गरिन्छ ।

१४. थप जनाकारीको लागि युनिलिभर नेपाल लिमिटेडको कार्यालय वा कम्पनीको शेयर रजिष्ट्रार सनराइज क्यापिटल लिमिटेडको कार्यालयमा तोकिएको समय भित्रै सम्पर्क गर्नुहुन सम्पुर्ण शेयरधनी ज्यूहरुलाई अनुरोध गर्दछौं ।

**मितिः** २०७९-०७-२८
**रजिष्टर्ड कार्यालयः**
बासमाडी-३,हेटौडा, मकवानपुर, नेपाल

**युनिलिभर नेपाल लिमिटेडको लागि**
संगीता श्रेष्ठ
कम्पनी सचिब